# राष्ट्रिय कृषक समूह महासंघ नेपाल

**नेपाल सरकारको**

**२०८१/८२ को कृषि क्षेत्रमा विनियोजित बजेट**

**समिक्षा पत्र**

अर्थतन्त्रमा देखा परेका सवालहरुलाई सम्बोधन गर्दै शिथिल बनेको अर्थतन्त्रलाई चलायमान बनाई आर्थिक गतिविधि बढाउन पहल गर्नु र राष्ट्रलाई समृद्धितर्फ अगाडी बढाउनु राज्यको दायित्व हो । गुणस्तरीय पूर्वाधारको कमी, दक्षा जनशक्तिको न्यनता तथा उत्पादन, उत्पादकत्व र रोजगारीमा अपेक्षित बृद्धि हुन नसकेका कारण आर्थिक बृद्धिको दर न्यून हुनपुग्यो । यसबाट गरिबी र असमानतामा अपेक्षित कमी आउन सानी खाद्य तथा पोषण सुरक्षा समेत कमजोर रह्यो । वर्षौंदेखि उस्तै प्रकृतिका समस्या तथा चुनौति दोरिईरहेकोले अर्थतन्त्र र विकास व्यवस्थापनमा देखिएको क्षमता अभावको दुष्चक्र तोड्दै सुधारका नयाँ कार्यक्रम मार्फत समृद्धिको लक्ष्य हासिल गर्न उच्च तदारुकता सहितको यात्रा गर्नुपर्ने देखिएको छ ।

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाँक्षा पुरा गर्न कोभिड १९ को महामारी र बन्दाबन्दी पछि शिथिल बनेको अर्थतन्त्रलाई उत्पानमुखी बनाइ र आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउन आर्थिक बर्ष २०८१/८२ लाई बजेट बक्तव्य मार्फत आर्थिक सुधारको वर्ष घोषणा गरिएको छ । सुशासन, सामाजिक न्याय र समृद्धिको सोच सहितको सोह्रौं योजना नेपाल सरकारले स्वीकृत गरेको छ र सोही अनुसार बजेट तथा कार्यक्रमको व्यवस्था रहेको छ ।

यस परिवेशमा आएको नेपाल सरकारको आ.व. **२०८१/८२ को कृषि क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रमको विश्लेषण अंश**

- १. कृषिको रुपान्तरणलाई नीतिले पहिलो प्राथमिकता दिई कृषिको व्यावसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने भनिएको छ । सरकारी, निजी, सहकारी तथा विकास साझेदारहरुबाट कृषि क्षेत्रमा लगानी अभिबृद्धि गर्न विक्रम सम्बत् २०८१ देखि २०९१ सम्मको अवधिलाई **कृषिमा लगानी दशक** घोषणा समेत बजेट बक्तव्यमा गरिएको स्वागतयोग्य छ । भूगोल, बजार संभाव्यता एवं पारिस्थितिकीय विशिष्ट अनुकूल संघ, प्रदेश र स्थानीय तहबाट कृषि उपजको विषेश क्षेत्र पहिचान गरी उत्पादन प्रबर्द्धन गर्ने नीति समेत सरकारले लिएको छ । यसको कार्यान्वयनका लागि हरेक वर्षको नीति कार्यक्रम तथा वार्षिक बजेट सोही अनुरुप हुनुपर्छ । यससंग तहगत सरकारको कसिलो तादब्यता आवश्यक पर्छ । बजेटको यथार्थता हेर्दा त्यसो देखिदैन । आगामी आर्थिक बर्षको लागि कृषितर्फको बजेट ५७ अर्ब २९ करोड रहेको छ । यो ८०/८१ को बजेट भन्दा **१ अर्ब ६९ करोड घटी** हो । कृषिमा लगानी दशक घोषणा गर्ने र बजेट घटाउने कार्य विरोधाभाषपूर्ण रहेको छ । झट्ट सुन्दा दशक सुनियो अर्थतन्त्रको ग्राहस्थ उत्पादनमा कृषिले गरेको योगदानको आधारमा बजेट पाएन । यसपाली पनि कृषि क्षेत्र हेपियो ।

- २. कृषि उपजको उचित मूल्य र बजार सुनिश्चित गर्न सरकार, किसान र व्यवसायी सहभागी हुने गरी करार खेती प्रबर्द्धन गर्ने बजेट बक्तव्यको नीतिमा छ । उत्पादित उपजको आधारमा परिमाणका आधारमा मल बीउ, कृषि प्रसार सेवा र कर्जामा व्याज अनुदान प्रदान गर्ने नीति लिइएको छ । तर यसलाई सुनिश्चित गर्ने आधारको

रुपमा रहेका ग्रमिण कृषक समूह र कृषि सहकारीको समन्वय र स्थानीयतहहरुको स्वामित्वमा साना भूमिहिन र सिमान्त किसानको सहभागिताको सुनिश्तिता आवश्यक छ। उत्थानशिल र पर्यावरणीय कृषिको प्रवर्द्धनमा योगदान गर्ने समुदायलाई नीतिमा सम्बोधन गरिएन।

- ३. बाँझो जमीनको अभिलेखिकरण गरी सामुहिक खेतीका लागि सरकारी जमीन लिजमा गराउने नीति लिइएको छ। कृषि कर्मलाईनै जीवनको रुपमा अंगिकार गर्दै आएका करिव ३९ लाख घरपरिवार सम्बद्ध साना किसानको खाद्य अधिकार सुनिश्चिचता गरिने कुरा प्राप्ति उक्त समुदायलाई कृषि पेशामा संलग गराउने र कृषि उद्यमी बनाउने सोच नराख्दा सम्म पुरा हुदैन। साना किसानलाइ बर्गीकरण सहित किसान परिचयपत्र उपलब्ध गराई सोही अनुसार सेवा सुविधा उपलब्ध गराइनु पर्दछ।

- ४. ठूला चक्लामा वासनादार धान खेती गर्ने सात नमूना परियोजनालाई सहज रुपमा मल, बीउ, प्राविधिक सेवा तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने र बीमा प्रिमियम छुट दिने व्यवस्थाका गरिएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लागि २ अर्व ९८ करोड विनियोजन गरिएको छ। गत बर्ष यस परियोजनका लागि ३ अर्व २२ करोड विनियोजन गरिएको थियो। प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजनाले कृषि ब्यवसायिक बनाउन पनि सकेन, साना किसानलाई समेट्न पनि सकेन यसर्थ यसलाई स्थानीयकरण आवश्यक छ।

- ५. उखुखेती प्रबर्द्धनका लाीग किसानलाई प्रोत्साहन गर्न रु २ अर्व २५ करोड विनियोजन गरिएको छ। यो कर्णप्रीय कुरा हुन तर कार्यन्वयनमा उखु किसानको भुक्तानी बक्यौताको फरफारकको लागि तदारुकता र सुनिश्चितता आवश्यक छ।

- ६. साना किसानको बाली तथा पशुपन्छी बीमाको प्रिमियम अनुदान प्रदान गर्न रु १ अर्व ६५ करोड छुट्याइएको छ। गतवर्षको बांकी बक्यौता भुक्तानी समेतलाई सम्बोधन नहुने गरि गरिएको विमा अनुदानको बजेटले किसानले कार्यक्रमको नाममा कार्यक्रमलाई राख्ने तर समस्यालाई सम्बोधन नगर्ने मनसाय देखियो। विमाको बजेट र नीति प्रतिगामि भयो यसलाई सच्याएर विमा प्रवर्द्धनमा स्थानीय सरकारलाई समेत जोड्न आवश्यक छ।

- ५. कृषिको व्यावसायिकरणका लागि राजमार्गकेन्द्रित ३०० उत्पादक संस्थाहरुलाई शुरुवाती पुँजी उपलब्ध गराउने बजारको सुनिश्चिता गर्ने गरी रु १ अर्व १२ करोड विनियोजन गरिएको छ। यसले वस्तविक किसान समेट्ने तौरतरीका सुनिश्चितता गर्न सक्नु पर्दछ।

- ६. रासायनिक मलको उपलब्धताको प्रतिवद्धता राम्रो हो। कार्यन्वयनमा देखिएको बेतिथिको अवस्थाले किसान हैरान छन्। समयमै मलको आपूर्तिका लागि २७ अर्व ९५ करोड बिनियोजन भनिएको छ। गत बर्षभन्दा यो रकम २ अर्व ५ करोड कमी हो। मलको कथा माथिकाले जान्दछन् तर किसानका ब्यथा यसपटक पनि सम्बोधन हुनेमा शंका छ।

- ७. जैविक एवं प्रांगारिक मलको उत्पादन तथा उपयोगलाई प्रबर्द्धन गर्ने नीति लिइएको छ। रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गरी जैविक विषादीको प्रबर्द्धन गर्ने नीति लिईएको छ। असाध्यै राम्रो नीति तर बजेट भने विनियोजन गरिएको छैन। अव कार्यान्वयन कसरी ? यसरी रसायनिक की प्रांगारिक भन्नेमा

सरकारले दुई धारे कुरा देखायो । यसले फेरि पनि नेपालको कृषि कस्तो भन्ने सवालमा सरकार नीतिगत अलमलनै रहयो ।

- ८. कृषि अनुसन्धानमा संलग्न कृषि अनुसन्धान परिषद् लगायतका निकायको क्षमता अभिबृद्धि गर्ने नीति रहेको छ। आगामी बर्षमा थप ७५ कृषि प्रविधिको विकास गर्ने लक्ष्य रहेको छ। कृषि अनुसन्धान तथा विकास तर्फ रु ३ अर्व ५२ करोड विजियोजन गरिएको छ । यो राम्रो छ । यसमा स्थानीय सीप र रैथाने ज्ञानलाई समेत सम्लग्न गरि भूगोल र स्थानिय विशेषता समाबेश गर्न आवश्यक छ ।

- ९. महासंघले पेश गरेको सुझावमा समेत उल्लेख भएको बजेट बक्तव्यमा युवाको उद्यमशील सोचलाई व्यवसायमा रुपान्तराण गर्न प्रत्येक प्रदेशमा बिजिनेस इन्क्युवेशन सेन्टर सञ्चालन गरी युवा उद्यमीलाई सहजीरकण गरिने र बैक तथा वित्तीय संस्थाबाट प्रबाह हुने कर्जालाई प्रोत्साहन गरिने नीति लिइएको छ । नीतिको कार्यान्वयका क्रममा कृषि उद्यमशीलतालाई जोड दिनुपर्ने देखिन्छ । बैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजी मार्फत कृषि उद्यमशीलता प्रबर्द्धनमा समेत जोड दिनुपर्ने देखिन्छ ।

- १०. दैनिक एक हजार लिटर भन्दा बढी दूध उत्पादन गर्ने पशुपालन फर्म तथा उद्योगले पैठारी गर्ने स्टिल मिल्क क्यानमा लाग्दै आएको १५ प्रतिशत भन्सार महसुल घटाई एक प्रतिशत मात्र कायम गरिएको छ । साना किसानको लागि पनि यो सुविधा उपलब्ध गराइनु पर्दछ

- ११. आलु प्याज, स्याउ लगायतका तरकारी एवं फलफुलमा लागेको मूल्य अभिबृद्धि कर यस बर्ष खारेज गरिएको छ। कृषि उत्पादनमा कर खारेज स्वागतयोग्य छ। साथै भेडा वा बाख्राको ताजा, चिसो पारेको वा फ्रोजन मासु मा समेत भ्याट खारेज गरिएको छ ।

- १२ बजेट बक्तव्यमा १४५ भूमिहीन ५ लाख परिवारलाई लापुर्जा प्रदान गरिने लक्ष्य लिइएको छ । महासंघले भूमिहीन कृषकका लागि कृषि कार्यका लागि जमीन उपलब्ध गराउन माग गर्दछ ।

- १३. स्थान विशेष कृषि थोक बजार, हाट बजार स्थापनाको कुरा राम्रा छन् । किसानलाई प्रविधिसंग जोड्ने कुरा, मध्यस्थतालाई कम गर्ने कुरा राम्रा हुन् । दुध चिस्यान केन्द्र र धुलो दुध बनाउने कारखाना बनाउने कुरा र सहकारीको संलग्नताको सोच राम्रो छ। पशु गर्भाधान सेवालाई निशुल्क गरिने कुरा राम्रो छ। धान, मकै,कोदो लगायतका बालि विशेषमा समय तोकेर आत्म निर्भरता भन्ने पुरानै तरिका हो । आत्म निर्भरताको लागि ठोस योजना र क्षेत्र विशेष लक्षित कार्यक्रम विना यो पुरा हुदैन । मुल्यांश्रृखला विकासको लागि नमुना काम ब्यवस्था गरिनुले श्रृखलाको संयान्त्रमा निर्माण र ब्यवस्थिकरणमा राज्य पन्छन लागेको हो की भन्ने भएको छ। राज्यले समन्वयकारी भुमिका नखेल्दा सम्म यसको उचित परिचालन र ब्यवस्थापन हुँदैन ।

- विगतको कार्यक्रमको निरन्तरता र केही विशेष योजना सहित आएको कृषि बजेटले नेपाली उत्पादक साना किसानलाई उत्साहित गर्ने बजेट रहेन । नेपालको कृषि संस्कृति र उत्पादनको विविधताको क्षमतालाई नजरअन्दाज गरियो । विमा अनुदानमा बजेट पश्चगामी आयो । दिगो कृषि प्रवर्द्धनको विषयलाई समेटिएन । कृषि र खाद्य प्रणालीको ब्यवस्थापनको मुल दायित्वबाट राज्य पन्छदै जान लागेको हो की जस्तो देखिदैछ। यसो गर्दा नेपालको कृषि पद्धति बच्दैन । कृषि कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अवस्था अनुगमनको पक्षलाई फेरी समेटिएन । यसर्थ सार्थक उत्पादनको वातावरण विना नेपालको कृषि विकास निकै टाढा छ ।

राष्ट्रिय कृषक समूह महासंघ नेपाल
राष्ट्रिय, सचिवालय